# प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल


प.सं. २०८२।०८३ मितिः- २०८३।०२।०५
च.नं. 2298

## राष्ट्रिय आर्थिक गणना, २०८२ मा सहभागी बनौं ।

आदरणीय उद्यमी, व्यवसायी महानुभावहरू,

नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरको सम्पूर्ण आर्थिक एकाइहरूको वास्तविक अवस्था थाहा पाउन "अर्थतन्त्र मापनको लागि आर्थिक गणना" भन्ने मुल नाराका साथ दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क संकलनको कार्य देशभर मिति २०८३/०१/०२ देखि २०८३/०३/०७ गतेसम्म संचालन भईरहेको छ। यसै सर्न्दभमा जिल्ला आर्थिक गणना कार्यालय, बाराबाट यस जिल्लामा गणक तथा सुपरिवेक्षकहरू खटिई स्थलगत तथ्याङ्क संकलनको कार्य भईरहेकोले आवश्यक सहयोग, समन्वय र सहजिकरण गरी राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्नुहुन सरोकारवाला सम्पूर्णमा हार्दिक अनुरोध छ।

<u>विवरण सङ्कलन गरिने प्रतिष्ठान/व्यवसायः</u> औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान/व्यवसाय जस्तैः कृषि, वन तथा माछापालन (दर्ता भएका मात्र); खानी तथा उत्खनन्; औद्योगिक उत्पादन; विद्युत, ग्याँस, बाफ तथा वातानुकूलित सेवा; पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन; निर्माण; थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकलको मर्मत सम्भार; यातायात तथा भण्डारण; आवास तथा भोजन सेवा; सूचना तथा सञ्चार; वित्तीय तथा बीमा; घरजग्गा कारोवार; पेशागत, वैज्ञानिक तथा प्राविधिक; प्रशासनिक तथा सहयोगी सेवा; शिक्षा; मानव स्वास्थ्य तथा सामाजिक कार्य; कला, मनोरञ्जन तथा मनोविनोद र अन्य सेवा प्रदान गर्ने सम्बन्धी क्रियाकलापहरू गणनामा समावेश गरिन्छ।

आर्थिक गणना किन गर्ने

- आर्थिक तथ्याङ्क उत्पादनः सबै प्रकारका प्रतिष्ठान/व्यवसायको आधारभूत आर्थिक तथ्याङ्क सङ्कलन र उत्पादन गर्न;
- नीति निर्माणः उद्योग र व्यवसाय मैत्री सरकारी नीति योजनाहरू बनाउन;
- विकासको आधारः राष्ट्रिय र स्थानीयस्तरमा आर्थिक सम्भाव्यता पहिचान गर्न;
- अर्थतन्त्रको आकारः अर्थतन्त्रको आकारलाई सुदृढ गरी थप विश्वसनीय बनाउन;
- कुल गार्हस्थ उत्पादनः देशको कुल गार्हस्थ उत्पादनमा विभिन्न आर्थिक क्षेत्रको योगदान पत्ता लगाउन;
- रोजगारीः रोजगारीको अवस्था चित्रण गर्न;
- लगानी प्रवर्द्धनः लगानीकर्ताका लागि सही तथ्याङ्क उपलब्ध गराउन।

तथ्याङ्क ऐन, २०७९ अनुसार तपाईले टिपाएको प्रतिष्ठान/व्यवसायको विवरण गोप्य रहनेछ, केवल तथ्याङ्कीय प्रयोजनको लागि सामुहिक रुपमा मात्र प्रयोग गरिनेछ।

.............................
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत


prasaunigaupalika1@gmail.com "हाम्रो प्रयासः कृषि शिक्षा स्वास्थ्य र पर्यटन क्षेत्रमा दीगो विकास" : www.prasaunimun.gov.np


CamScanner